प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

विवाह पवित्र बन्धन हो, विवाहलाई लेनदेनको विषय नबनाऔं,

विवाहमा दाईजो लिने र दिने काम नगरौं, दाईजोका कारण हुने हिंसा अन्त्य गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : २७८ ।। २०८१ मंसिर १३ गते बिहिबार (28th Nov 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# गौहत्यापछि कन्काईमा तनाव



झापा(प्रस) । कन्काई ३ मा गौहत्यापछिको चर्किएको आन्दोलन अराजक बनेपछि मंगलवार राति कोटीहोम क्षेत्र तनावग्रस्त बन्यो ।

मंगलवार साँझ सुरुङ्गामा साम्य भइसकेको आन्दोलनलाई आन्दोलनकारीहरुले राति कोटीहोममा पुनः चर्काउँदा स्थिति तनावग्रस्त बनेको हो । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्नुका साथै ७ सेल अश्रुग्यास प्रहार गरेको छ । गाईलाई काटेर खाएको घटनापछि प्रहरीले आरोपितहरुलाई पक्राउ गरेर मृत गाईलाई घटनास्थलनजिकै गाढ्ने तयारी भइरहेको थियो । तर, गाईधनी लीलाप्रसाद सिलवालको जग्गामै लगेर गाढ्ने भन्दै मृत गाईलाई हात्ती गाडीमा हालेर सुरुङ्गा बजारमा आन्दोलन शुरु गरिएको थियो । गौं बंश संरक्षणका केन्द्रीय अध्यक्ष एवं गोलोक गोवर्धन गौशाला सतासीधामका संरक्षक नन्दकिशोर भारद्वाज महाराजको नेतृत्वमा अर्जुनधारा जलेश्वर धामबाट आएका ३०/३५ जना धर्मगुरु र स्थानीय गरी करिब २५० जनाको संख्यामा भेला जम्मा भई "गौं हत्या बन्द गर, हत्यारालाई फाँसी दे, हिन्दु राष्ट्र कायम गर, नेपाल सरकार मुर्दावाद" जस्ता नाराहरु लगाएर बिरोध प्रदर्शन गरेका थिए । मृत गाईलाई सुरुङ्गा चोकस्थित पूर्वपश्चिम राजमार्गमा ल्याई साँझ ५:४० देखि ६:१५ बजेसम्म चक्काजाम गरेका थिए । त्यसपछि प्रहरीले आन्दोलनकारीलाई संझाई बुझाई चक्काजाम खुलाएको थियो ।

त्यस मृत गाईलाई अन्त्येष्टिको लागि कन्काई नदीतर्फ लाने भन्दै आन्दोलनकारीहरुले साँझ ७.५५ बजेदेखि कन्काई-४, कोटीहोमस्थित कन्काई पुलनजिक पूर्वपश्चिम राजमार्गमा पुनः चक्काजाम गरेका थिए । मृत गाई राखेको गाडीलाई सडकमा तेर्स्याएर गोलोक गोवर्धन गौशालाका संरक्षक नन्दकिशोर भारद्वाज महाराजको नेतृत्वमा चक्काजाम गरेका थिए । उनीहरुले प्रहरीमाथि ढुंगामुडा प्रहार गरेपछि प्रहरीले लाठीचार्ज गर्नुका साथै ७ सेल अश्रुग्यास प्रहार गरेको हो । तितरबितर बनाउने क्रममा आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा आन्दोलनकारीहरुको ढुंगा लागेर दुई प्रहरी घाइते भएका छन् । इलाका प्रहरी कार्यालय बिर्तामोडका एकजना प्रहरी सहायक निरीक्षक र सशस्त्र प्रहरीका एकजना हवलदार सामान्य चोट लागेर घाइते भएका हुन् । आन्दोलनकारीतर्फ गोलोक गोवर्धन गौशालाका संरक्षक नन्दकिशोर भारद्वाजसहित केही घाइते भएको बताइएको छ । आन्दोलनकारीहरुले तोडफोड गरी ३ वटा सवारीसाधनमा क्षति पुऱ्याएका छन् । आन्दोलनकारीहरु उग्र भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको थप जनशक्ति मगाइएको थियो । आन्दोलनकारीहरु तितरबितर भएपछि कन्काई नदीमा सो मृत गाईको अन्त्येष्टि गरिएको थियो ।

स्थानीय लीला संग्रौलाको घरमा डेरा लिएर ज्याला मजदुरी गर्ने उनीहरुले कन्काई -३ स्थित टप्पु बस्ने पूर्णप्रसाद फुयाँलको गोठमा बाँधेको लीलाप्रसाद सिलवालको पहिलो बेते लैनो गाई चोरी गरी काटेका थिए ।

# गौहत्यामा संलग्न चारजना पक्राउपछि सार्वजनिक



झापा(प्रस) । झापाको कन्काई ३ टप्पुमा भएको गौहत्यामा संलग्न चार जनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ । पक्राउ पर्नेहरुमा बाह्रदशी गाउँपालिका वडा नं. ४ बस्ने ४६ वर्षीय बुधन आलम,उनकी श्रीमती ३९ वर्षीया कुरेसा खातुन , भारत किसनगञ्ज ठेगाना भई हाल कनकाई ३ मा बस्ने २० वर्षीय दिलवर हुसेन र उनकी श्रीमती १९ वर्षीया महिदा खातुन रहेका छन् । प्रहरीले तदारुकताका साथ खोजतलास गरी उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । बुधन आलमलाई बाह्रदशी गाउँपालिका वडा नं.४ बाट पक्राउ गरिएको हो भने कुरेसा खातुन,दिलवर हुसेन र महिदा खातुनलाई भद्रपुर नगरपालिका वडा नं. ५मेची पुलबाट भारततर्फ भागिरहेको अवस्थामा पक्राउ गरिएको डीएसपी चन्दले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय बिर्तामोडले झापा जिल्ला अदालतबाट पशुपंछीसम्बन्धी ऐन (गाई गोरु मार्न नहुने) कसुरमा ५ दिन म्याद थप गरी सो सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# बोलेरोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस) । बुधवार बिहानै झापाको शिवसताक्षी नगरपालिका वडा नं.१ कमल पुलस्थित पूर्वपश्चिम राजमार्गमा बोलेरोको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

बिहान अन्दाजी ५ बजे पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०१-००१ च ८२२१ नम्बरको बोलेरो र बिपरित दिशाबाट जाँदैं गरेको मे ६ प २५१४ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना भएको हो । दुर्घटनामा मोटरसाइकल चालक शिवसताक्षी ८ बस्ने बर्ष अन्दाजी ३५ का खेमराज थापा घाइते भएका थिए । उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याएर उपचार भइरहेकोमा उपचारको क्रममा बिहान ६:५५ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बोलेरो र बोलेरो चालक मेचीनगर नगरपालिका वडा नं.८ बस्ने ३१ वर्षीय विशाल खवासलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा राखिएको जनाइएको छ ।

# मोरङमा भएका दुर्घटनामा तीनजनाको मृत्यु

झापा(प्रस) । मोरङमा भएका दुर्घटनामा तीनजनाको मृत्यु भएको छ ।

मंगलवार रति ८ बजे मोरङ सुन्दरहरैचा- १० बागझोडास्थित खोर्सानि- केराबारी भित्री सडकखण्डमा खोर्सानि चोकदेखि केराबारीतर्फ जाँदै गरेको प्र १-०२-०४६ प ३२१२ नं को मोटरसाइकलले पैदलयात्री सोही ठाउँ बस्ने ६४ वर्षीया सिता गुरागाईलाई पछाडिबाट ठक्कर दिई घाइते बनाएको थियो । घाइतेलाई उपचारको लागि नोबेल अस्पताल बिराटनगर पठाएकोमा राति ८.४० बजे डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । मोटरसाइकल र चालक ग्रामथान ७ बस्ने २६ वर्षीय भुवन खप्तरीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बेलबारीमा राखिएको छ ।

त्यस्तै मंगलवार राति ८.४५ बजे मोरङ बूढीगंगा गाउँपालिका वडा नं ५ गाउँपालिकाको भवननजिक भित्री सडकखण्डमा पोटिया चोकबाट हात्तीमुडा चोकतर्फ जाँदै गरेको साइकल आफै अनियन्त्रित भई

❖ बाँकी अन्तिम पृष्ठमा

## प्रेस विज्ञप्ति

**मिति २०८१ साल मंसिर ११ गते कन्काई नगरपालिका वडा नं ३ स्थित दुर्गा सिलवालको घरमा पालेको लैनो गाई मध्यरातमा चोरी गरी छिमेकी लीला संग्रौलाले भाडामा लगाएको घरमा लगि कोठामा हत्या गरि छाला काडेर मुटु कलेजो निकालेर सोही ठाउँमा खाएर गाईको बचेको शरीर सोही स्थानमा कपडा ओढाएको अवस्थामा भेटियो।**

**सनातन धर्मका आस्थामाथि हिलो छ्याप्ने यस्तो निन्दनीय घटनाप्रति अत्यन्त असह्य वेदनासंग आँखाबाट आँशु बगाउँदै कन्काई सुरुंगाका भक्तजन गौमाताको नांगो शरीरलाई गाडीमा राखेर अन्तिम संस्कारका लागि गौमातालाई लिएर जाने क्रममा शोकाकुल गोभक्तहरुको माग संवोधन गर्नुको साटो लाठीचार्ज, अश्रुग्यास र ढुंगा हानेर झापा जिल्ला प्रशासनले गलत कार्य गरेको ठहर गरेका छौं । गोभक्तहरुले कन्काई कोटीहोमका बाहिर अंगभंग गरी वीभत्स हत्या गरिएको गौमाताको शवको गाडी सडकमा उभ्याएर 'गौमाताको रक्षा गर, गाई हाम्री माता हुन् 'भनेर माग गर्दैगर्दा अचानक डीएसपीले सन्त महापुरुषहरु र तिलक धोतीधारी गुरुजीहरुलाई खोजीखोजी मरणासन्न हुनेगरि कुटपिट गरेका छन् । प्रहरीले चारैतर्फबाट घेराबन्दी गरी कन्काई पुलबाट ठुलो संख्यामा आगाका गोला र ढुंगा प्रहारले दर्जनौ सनातनीहरु घाइते भएका छन् भने गाडीका सिसा फुटेका छन् । यस निन्दनीय कार्यको श्री गोलोक गोवर्धन गौशाला घोर भर्त्सना गर्दछ। जिल्ला प्रशासन कार्यालय झापासंग सनातन धर्ममाथि यस प्रकारको कुठाराघात गर्ने र नेपालीहरुले पूजा गर्ने आस्था र बिश्वासकी प्रतीक गौमाताका हत्याराहरुलाई यथाशीघ्र कानुनका दायरामा ल्याएर कडाभन्दा कडा दण्ड दिन एवं शोकाकुल गौभक्तहरु र सन्त ब्राह्मणहरुमाथि डन्डा प्रहार किन गरियो ? यथाशीघ्र यसको स्पष्टीकरण नदिए यसको परिणाम भयानक र असोचनीय हुनसक्ने जानकारी गराउँछौं।**

**नन्दकिशोर भारद्वाज महाराज**

संरक्षक

**श्री गोलोक गोवर्धन गौशाला**

**सतासीधाम, झापा**

# संलग्नलाई हदैसम्म कार्वाही गर्न राप्रपाको माग

झापा(प्रस) । झापाको कन्काई-३ टप्पुमा भएको गौहत्यामा संलग्नलाई हदैसम्म कार्वाही गर्न हिन्दुवादी राष्ट्रिय प्रजातन्त्र पार्टीले माग गरेको छ । यो अति निन्दित, घृणित र संविधानबिरोधी हर्कत भएकाले जोकोही भएपनि संलग्न सबैलाई तुरुन्तै पक्राउ गरी हदैसम्मको कारबाही गर्न राप्रपा झापाले विज्ञप्तिमार्फत माग गरेको हो । जिल्ला अध्यक्ष केशवप्रसाद ओझाले बुधवार एक विज्ञप्ति जारी गरी त्यस्तो हर्कत गर्ने जोकोहीलाई निरुत्साहित गर्न सम्बन्धित निकायसंग मागसमेत गरेका हुन् । 'यो जघन्य आपराधिक कार्यले मुलुकको धार्मिक सहिष्णुतालाई खलल पुग्ने मात्र होइन, गौमाताप्रति आघात बिश्वास राख्ने आम जनमानसमाथि खुल्ला चुनौती दिएको छ र सिंगो समाजलाई नै मुठभेडको स्थिति निम्त्याएको छ'विज्ञप्तिमा भनिएको छ ।

गौहत्यारालाई कारबाहीको दायरामा ल्याउन माग गर्दै धर्मगुरुसहितको शान्तिपूर्ण प्रदर्शनमा सुरुंगामा मंगलवार साँझ प्रहरी प्रशासनबाट दमन भएको भन्दै घोर निन्दा र भर्त्सना गरिएको छ । स्थानीय लीला संग्रौलाको घरमा डेरा लिएर ज्याला मजदुरी गर्ने व्यक्तिहरुले कन्काई -३ स्थित टप्पु बस्ने पूर्णप्रसाद फुयाँलको गोठमा बाँधेको लीलाप्रसाद सिलवालको पहिलो बेते लैनो गाई चोरी गरी काटेका थिए ।

# मखमलीले गर्यो चारजनालाई सम्मान

मेचीनगर(प्रस) । झापाको मेचीनगर नगरपालिका -६ काँकडभिट्टामा रहेको मखमली महिला बचत तथा ऋण सहकारी संस्था लि.ले बुधबार चारजनालाई सम्मान गरेको छ ।

संस्थाको १६औं वार्षिक साधारणसभाका अवसरमा ज्येष्ठ नागरिकतर्फ रिजामाया , उत्कृष्ट ऋणीतर्फ बालिका दुलाल, उत्कृष्ट बचतकर्ता सावित्रादेवी गिरी र रूकमणि प्रधानलाई सम्मान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि झापा जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालले सम्मानपत्रसहित नगद प्रदान गरेका थिए । ढकालले सहकारीले देशको अर्थतन्त्रमा निकै योगदान पुर्याएको भन्दैं सरकारले सहकारीलाई समेत तीनखम्बे नीतिमा राखेको स्पष्ट पारे । सरकारी, सहकारी र निजी क्षेत्रका कारण अहिले देशको अर्थतन्त्र सुध्रिएको र समृद्ध नेपाल सुखी नेपाली भन्ने नारा सार्थक पार्न सहकारीको मुख्यः भूमिका हुने उनले बताए ।सहकारीका मूल्य मान्यता र सिद्धान्तलाई आत्मसात गरेर सोही अनुसार चल्न सहकारी सञ्चालकलाई आग्रह गर्दै त्यसो नभए संस्था दुर्घटनामा पर्ने उनको भनाई थियो ।

संस्थाका अध्यक्ष राधा प्रधानले कार्यक्रमको अध्यक्षता गर्दै सञ्चालक समितिका तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् ।

सचिव रेजिना श्रेष्ठले सञ्चालन गरेको कार्यक्रममा मखमली साकोसका सल्लाहकार बिना तामाङ, महेन्द्रद्वार सहकारी संस्थाका अध्यक्ष राजु (राजकुमार) दाहाल, महालक्ष्मी कृषि सहकारी संस्थाका अध्यक्ष टीका सुवेदी, संस्थाका व्यवस्थापक सरस्वती आले मगरलगायतले मन्तव्य राखेका थिए ।



# फलफूलको आयातमा १५ प्रतिशतले गिरावट

• लक्ष्मी उप्रेती

मेचीनगर । सरकारले कृषिजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर बन्ने घोषणा गरिरहँदा चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चार महिनामा काँकरभिट्टा नाका हुँदै फलफूल तथा फलफूल जुसको आयातमा १५ प्रतिशतले कमी भएको छ ।

गत आवको चार महिनामा काँकरभिट्टा नाका भएर १२ करोड २५ लाख ४१ हजार रुपैयाँ मूल्य बराबरको फलफूल तथा फलफूलको जुस आयात भएकोमा चालु आवको सोही अवधिमा फलफूल आयात घटेर १० करोड ३६ लाख ७४ हजार रुपैयाँको पुगेको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना अधिकारी एवम् भन्सार अधिकृत गणपति कँडेलका अनसार गत आवको पहिलो चार महिनाको अवधिमा १ करोड ८८ लाख ६७ हजार रुपैयाँले फलफूल तथा फलफूलको जुस आयातमा कमी आएको हो ।

यो नाका भएर स्याउ, केरा, सुन्तला, आँपलगायतका फलफूल विदेशबाट आयात हुने गरेको छ । फलफूल उत्पादन वृद्धि गर्न नसक्दा आयात बढ्ने गरेको भन्सार



अधिकारीहरुको भनाई छ । फलफूल र फलफूलको जुस खाने नेपालीको संख्या बृद्धि हुँदा पनि आयातमा बृद्धि हुने गरेको राष्ट्रिय फलफूल विकास केन्द्रको भनाई छ ।

तर, निर्यात घट्नुमा फलफूल उपभोक्तामा कमी आउनु चाँहि नभएको कृषिविज्ञ रामानन्द मण्डलको बुझाई छ । कुनै बेला नेपालमा उत्पादित फलफूलले बजारको माग धान्न नसक्दा आयातमा बृद्धि हुने गरेको उनले बताए । पछिल्लो समय देशका विभिन्न ठाउँमा व्यावसायिक फलफूल खेती शुरु हुन थालेकाले आयातमा कमी आएको मण्डल बताउँछन् । सरकारले स्याउ आत्मनिर्भर कार्यक्रमका लागि कर्णालीका पाँच जिल्ला, मनाङ, मुस्ताङमा कार्यक्रम विस्तार गरको छ । त्यसैगरी सुन्तला उत्पादनका लागि गोरखा, लमजुङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी ,पाल्पा, गुल्मी, अर्घाखाँचीलगायतका जिल्लामा सुन्तला बगैचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरेको थियो । सरकारले फलफूल उत्पादन गर्नका लागि फलफूल दशक घोषणा गरेको छ ।

नेपालको भौगोलिक विविधता र हावापानीको विशिष्टताका कारण संसारको हरेक कुनामा उत्पादन गर्न सकिने फलफूलहरु नेपालमा उत्पादन गर्न सकिने विज्ञहरुको भनाई छ । काठमाडौंलगायतका प्रमुख बजारमा यही नाकाबाट आयात भएका भारतीय तथा अन्य नाकाबाट र चिनियाँ स्याउ पुग्ने र बिक्री हुन्थ्यो । नेपालले भारत, बङ्लादेश, थाइल्याण्ड, अष्ट्रेलिया, मलेसिया, दक्षिण अफ्रिका, चीन, फिलिपिन्स, अमेरिका, कोरियालगायतका मुलुकबाट फलफूल आयात गर्ने गरेको सरकारी अधिकारीहरुको भनाई छ ।

नेपालले विभिन्न प्रकारका फलफूल २३ भन्दा बढी देशबाट आयात गर्ने गरेको छ । चीनबाट आउने स्याउले नेपालको बजारमा पकड जमाएको छ । स्याउ, सुन्तला, आँप, कागती धेरै आयात हुन्छ । नेपालमा आयात भैरहेकासहित भुइँकटर, मौसम, जुनार, अम्बा, लिची, ग्राउन्ड एप्पल, केरा, अनारको खेती नेपालमा पनि गर्न सकिने कृषिविज्ञ टेकेन्द्र प्रधानको भनाई छ ।

फलफूल व्यवसाय खाद्य पोषण सुरक्षाका लागि मात्र नभएर रोजगारी, निर्यात व्यापार र विदेशी मुद्रा आर्जन गर्न सकिने प्रधान बताउँछन् ।सरकारले दीर्घकालीन रणनीति बनाउन नसक्दा नेपाल फलफूलमा विदेशको भर पर्नुपर्ने अवस्था अहिले पनि विद्यमान छ । नेपाल फलफूल उत्पादनका लागि उर्वरभूमि भएपनि उत्पादनमा युवा जनशक्ति नदेखिएकै कारण फलफूल आयात गर्नुपरेको कृषिविज्ञहरुको भनाई छ ।

# यौनिक अल्पसंख्यक भएका तीनजना सम्मानित



धरमपुर(प्रस) । नेकपा एमालेको भगिनी संगठन अखिल नेपाल महिला संघ शिवसताक्षीले ३३औँ अन्तर र्ाष्ट्रिय लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसर पारेर यौनिक अल्पसंख्यक भएका तीनजनालाई सम्मान गरेको छ।
नगरको ३ नम्बर वडा पाराबारीस्थित हाट खोलामा आयोजित एक कार्यक्रममा उनीहरूलाई सम्मान गरिएको अखिल नेपाल महिला संघ शिवसताक्षी नगर कमिटीले जनाएको छ। संगठनका सचिव चन्द्रकला सापकोटाका अनुसार लिड नेपाल झापाका कार्यक्रम संयोजक लुना लिम्बू चञ्चलासहित हस्त मगर र एनी भुजेललाई सम्मान गरिएको हो। उनीहरू यौनिक अल्पसंख्यक हुन्।
कार्यक्रमका वक्ताले हिंसा प्रभावित महिलालाई न्यायमा पहुँचको कमी भएकाले उनीहरूको न्यायमा पहुँच बढाउन जरूरी रहेको धारणा राखेका थिए । महिलाहरू घरेलु हिंसामा परिरहेका घटनाहरू अझै पनि छन् । घरेलु हिंसामा परेका महिलाहरूको न्यायमा पहुँच पुर्याउन मात्र होइन, हिंसाका हरेक घटनाबाट उनीहरूलाई मुक्ति दिलाउन आवश्यक रहेको कार्यक्रमका वक्ताले बताए । कार्यक्रममा नेकपा एमाले कोशी प्रदेश कमिटी सदस्य चन्द्रकुमार शेर्मा, पार्टीका झापा जिल्ला सल्लाहकार समितिका संयोजक राधाकृष्ण खनाल, जिल्ला कमिटी सदस्य नरमाया कार्की, नेकपा एमाले शिवसताक्षी नगरकी उपसचिव कल्पना चौलागाईं, शिवसताक्षी नगरकार्यपालिका सदस्य गोमा रिजाललगायतले महिलामाथि कसैले पनि कुनै पनि तरहको हिंसा गर्न नहुने बताएका थिए।
अखिल नेपाल महिला संघ शिवसताक्षी नगर कमिटीकी अध्यक्ष कोपिला चौलागाईं मैनालीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष निर्मला प्रसाईले गरेकी थिइन् भने सहजीकरण सचिव चन्द्रकला सापकोटाले गरेकी थिइन्।

# उद्योगमा लाइन नकाट्ने प्राधिकरण सञ्चालक समितिको निर्णय



झापा(प्रस) । नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिको बैठकले उद्योगहरूमा बिजुली नकाट्ने निर्णय गरेको छ।
विद्युत नियमन आयोग अनुसार वैकल्पिक बाटो प्रयोग गरेर पैसा उठाउने तत्काल उद्योगमा बिजुली नकाटिने निर्णय भएको सञ्चालक समिति सदस्य कपिल आचार्यले बताए। आयोगको बेलाबेला हुने यस्तो निर्णयले समस्या दोहोरिरहने र राजस्व गुम्ने खतरा हुने आचार्यले बताए। अर्को वैकल्पिक बाटो के हो कसरी उठाउने भन्नेबारे भने खुलिसकेको छैन। मंगलबार विद्युत नियमन आयोगले उद्योगमा तत्काल लाइन नकाट्न निर्देशन दिएपछि बुधबार समितिको बैठक बसेको थियो। यसअघि प्राधिकरणले ट्रंक तथा डेडिकेटेड लाइनको बक्यौता नतिर्ने उद्योगको लाइन काटिदिएको थियो। सरकारले प्राधिकरणलाई बिजुली जोड्न निर्देशन दिएपछि प्राधिकरणले बिजुली जोडेर १५ दिनभित्र बक्यौता नतिर्ने उद्योगमा फेरि लाइन काटिने सूचना निकालेको थियो। १५ दिनको अवधि बुधबार सकिएको छ। तर नियमन आयोगले मंगलबार लाइन नकाट्न निर्देशन दिएसँगै समितिले पनि लाइन नकाट्ने निर्णय गरेको हो।

# उपनिर्वाचनमा दलहरूको ‘मध्यावधि परीक्षण’

झापा(प्रस) ।राजनीतिक दलहरूले स्थानीय तह उपनिर्वाचनलाई आफ्नो मध्यावधि जनमत परीक्षणका रूपमा लिएका छन् । स्थानीय तहको ५ वर्षे कार्यकालको आधा अवधि पूरा भएको बेला आगामी आइतबार स्थानीय तहका करिब साढे तीन दर्जनमा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनको नतिजाले आगामी निर्वाचनसम्मलाई प्रभाव पार्न सक्ने रहेकाले वडा तहको चुनावमा पनि दलहरू शक्ति केन्द्रित गरेर सक्रियतापूर्वक होमिएका छन् ।
दुई जिल्ला समन्वय समिति प्रमुख र स्थानीय तहका ४२ पदका लागि उपनिर्वाचन गरिएकामा ओखलढुंगा र कैलालीको जिल्ला समन्वय समिति प्रमुखमा निर्विरोध भइसकेको छ । ओखलढुंगामा कांग्रेसका टेकराज भट्टराई र कैलालीमा कांग्रेसकै टीकाकुमार चौधरी (भुल) निर्वाचित भएका




हुन् । रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-२ को वडाध्यक्षमा पनि माओवादीका जगत घर्ती निर्विरोध चयन भइसकेका छन् । उपनिर्वाचन हुन लागेका ४१ स्थानमध्ये अघिल्लो निर्वाचनमा कांग्रेसले २७ वटामा जितेको थियो । ४१ मध्ये ४० स्थानमा कांग्रेसले उम्मेदवारी दिएको छ । उपनिर्वाचन हुन लागेको एक मात्र नगरपालिका कीर्तिपुरमा कांग्रेस, एमाले, माओवादी प्रमुख प्रतिस्पर्धी भए पनि स्वतन्त्र उम्मेदवारले पनि टक्कर दिने स्थानीयको विश्लेषण छ । २०७९ मा भएको निर्वाचनबाट कांग्रेसका राजकुमार नकर्मी प्रमुखमा निर्वाचित भएका थिए । उनको मृत्युपछि उपनिर्वाचन हुन लागेको हो ।
कीर्तिपुरमा नगर प्रमुखका लागि २० जनाले उम्मेदवारी दिएका छन् । त्यसमध्ये ११ जना स्वतन्त्र छन् । कांग्रेसले कृष्णमान डंगोल, एमालेले सुरेन्द्र मानन्धर, माओवादीले शिवशरण महर्जन र राप्रपाले ध्रुव महर्जनलाई उम्मेदवार बनाएका छन् । प्रतिनिधिसभाको चौथो ठूलो दल रास्वपाले त्यहाँ उम्मेदवारी दिएको छैन । एकीकृत समाजवादीले माओवादीका महर्जनलाई समर्थन गरेको छ । त्यहाँ स्वतन्त्रबाट उम्मेदवार बनेका राजमान मानवले पनि चर्चा बटुलिरहेका छन् । धरानका प्रमुख हर्क साम्पाङ उनको पक्षमा प्रचारमा उत्रिएका छन् । यही उपनिर्वाचनबाट कीर्तिपुरका वडा न. १ र ४ मा पनि वडाध्यक्ष चयन हुनेछन् ।
कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्मा कीर्तिपुरसहित अधिकांश स्थानीय तहमा जित हासिल पार्ने दाबी गर्छन् । ‘उपनिर्वाचन जनताको पछिल्लो अभिमत थाहा पाउने अवसर हो,’ उनले भने, ‘हाम्रो २७ स्थानमा खाली भएको थियो । कीर्तिपुरको मेयरसहित त्योभन्दा बढी स्थानमा जित्ने गरी लागिपरेका छौं ।’
एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पनि उपनिर्वाचन हुँदै गरेका अधिकांश स्थानमा एमालेले जित्ने दाबी गरेका छन् । विगतमा एमालेले जितेका ९ स्थानमा उपनिर्वाचन हुँदै छ । ‘ कीर्तिपुरसहित बहुमत स्थानमा जित्ने गरी लागेका छौं,’ उनले भने, ‘राष्ट्रिय राजनीतिमा खेलेको भूमिका, पार्टीको बलियो संगठन र जनाधारका कारण धेरै स्थान जित्छौं,’ उनले भने ।
माओवादीका उपाध्यक्ष तथा पार्टी प्रवक्ता अग्नि सापकोटाले सरकारमा रहेका बेला सुशासनको पक्षधर, भ्रष्टाचारको खरो विरोधीको पहिचान बनाएकाले चुनावमा जनताको साथ पाउने दाबी गरे । उनले भने, ‘पार्टी बढी एकताबद्ध भएर लागेको छ, चुनाव जित्छौं ।’

# ७ सय केजी लसुन बरामद

झापा(प्रस) । अवैध रुपमा ल्याएर लुकाई छिपाई राखेको ७ सय केजी लसुन प्रहरीले मेचीनगरमा बरामद गरेको छ ।
मंगलवार राति ८.३० बजे जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-६ स्थित बाँसझ्याङमा बेवारिसे अवस्थामा राखेको अन्दाजी तीन लाख पचास हजार मूल्य बरावरको ७ सय के.जी. लसुन फेला पारेको थियो ।
बरामद लसुन आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ऊर्जा बचतको सम्भावना खोज्दै उद्योगी

मेचीनगर(प्रस) । ऊर्जासम्बन्धी आयोजित एक कार्यक्रममा वक्ताहरुले झ्याप्प झ्याप्प बिजुली गइरहने र भोल्टेज तलमाथि हुने समस्याले उद्योगीहरुले ऊर्जा व्यवस्थित गर्न नसकेको बताएका छन् ।
बुधबार मेची उद्योग वाणिज्य संघको हलमा राष्ट्रिय ऊर्जा दक्षता केन्द्र काठमाडौंको आयोजनामा ‘उद्योगमा ऊर्जा दक्षताको प्रवर्द्धन र अवसर’ विषयक कार्यशाला गोष्ठीका व्यवसायी र कर्मचारीहरुले झ्याप्प झ्याप्प बत्ती गइरहने र भोल्टेज तलमाथि हुने समस्याका कारणले ऊर्जा बचत गर्न नसकेको बताएका हुन् ।
‘झापाका उद्योगहरुमा भोल्टेजको समस्या छ’, इलेक्ट्रिक इन्जिनियर अमोनेन्द्रप्रसाद विश्वासले भने-‘उद्योगीहरुलाई प्राविधिक कुराको ज्ञान छैन । स्वीच अन गर्नेबित्तिकै मिसिन चल्नु पर्यो । भोल्टेज वा अन्य केहि प्राविधिक समस्या हुनसक्छ । त्यता उनीहरुलाई ध्यान हुँदैन । थाहा हुँदैन । बस् चल्नु पर्यो, बत्ती बल्नु पर्यो ।’
इलेक्ट्रिक इन्जिनियर विश्वास भारत सिलिगुडी निवासी हुन् । उनले हाल कनकाई प्लाइउड उद्योगमा काम गरिरहेका छन् । उनी ९ वर्षदेखि झापाका विभिन्न उद्योगमा रहेर काम गरिसकेका अनुभवी मेकानिक हुन् ।
यस्तै कार्यक्रममा धाइजनस्थित रितिका डेरीका सञ्चालक योगेन्द्र चिमरियाले उद्योगमा खपत हुने डिजल, दाउरा, विद्युतलगायतका ऊर्जालाई बचत गर्न र चुहावट हुन नदिन सचेत हुनु पर्ने




बताए । उनका अनुसार त्यसका लागि ऊर्जा, वातावरणसम्बन्धी लेखा परीक्षण समेत गर्नु पर्छ ।
राष्ट्रिय ऊर्जा दक्षता केन्द्रले युरोपका ठुला देशसँग सहकार्य गरेर नेपालका ठुला-ठुला कम्पनीको इनर्जी अडिट गरिरहेको छ । केन्द्रले झापाको रितिका डेरीको पनि इनर्जी अडिट गरिरहेको सञ्चालक चिमरियाले जानकारी दिए ।
इनर्जी अडिटका लागि एनएमसी डेरीका कर्मचारी र सञ्चालकहरुले केन्द्रका इन्जिनियर हरुसँग छलफल गरिरहेको बताइएको छ ।
उद्योग, धन्दामा आवश्यकताभन्दा बढी खपत हुने ऊर्जालाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने उद्धेश्यले मेची उद्योग वाणिज्य संघको सहजीकरणमा आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य नरेन्द्रकुमार खड्काले स्वास्थ्य जाँचका लागि मानिसको शरीर होलबडी जाँच गरेजस्तै उद्योगको ऊर्जा चुहावट नहोस् भनेर इनर्जी अडिट गरिने बताए ।
कार्यक्रममा राष्ट्रिय ऊर्जा दक्षता केन्द्रका प्रमुख अमृत अभामनी ढकाल, इन्जिनियर आयुस अधिकारीले उद्योगमा विभिन्न कारणले चुहावट भइरहेको ऊर्जालाई न्यूनीकरण तथा विद्युत बचत गर्न सकिने उपायका बारेमा प्रोजेक्टरमार्फत प्रस्तुत गरेका थिए ।
मेची उद्योग बाणिज्य संघका अध्यक्ष खेमराज प्रसाईको अध्यक्षतामा सम्पन्न एकदिने कार्यशाला गोष्ठीमा प्रसाईले ऊर्जा खपत र बचतका बारेमा उद्योग सञ्चालकलाई थाहा नहुने बताए । उनले ऊर्जा चुहावट रोक्न के गर्न सकिन्छ त्यसका बारेमा उद्योगमा अपरेटर वा प्राविधिकलाई यस विषयमा ज्ञान दिन आवश्यक रहेको बताए ।
कार्यक्रममा मेची उद्योग बाणिज्य संघका उद्योग उपाध्यक्ष भूमि पौडेल, पूर्व अध्यक्ष ऋषिराज तिम्सिनालगायत झापाका उद्योगी व्यवसायी, कर्मचारी र प्राविधिकहरुको उपस्थिति रहेको थियो ।
मेची उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष कपिल क्षेत्री (किशोर)ले स्वागत गरेको कार्यक्रमको सञ्चालन कार्यकारी निर्देशक गोपाल बस्नेतले गरेका थिए ।

## मोरङमा...

दुर्घटना भएको थियो । दुर्घटनामा साइकलयात्री बूढीगंगा ५ बस्ने ३५ वर्षीय जलेश्वर सरदार घाइते भएका थिए । टाउको र निधारमा चोट लागेर गम्भीर घाइते भइ उपचारको लागि बिराट टिचिङ अस्पताल गंगाचोक पठाएकोमा राति ९.२१ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।
त्यस्तै कोशी राजमार्गअन्तर्गत मोरङको बूढीगंगा गाउँपालिका-१ मा दुर्घटनामा परेर घाइते भएका आरती स्ट्रिप्स नामक उद्योगका मजदुरको मृत्यु भएको छ। प्रहरीका अनुसार दुर्घटनामा परेर घाइते भएका भारतको बिहान घर भइ मोरङको आरती स्ट्रिप्स नामक उद्योगमा कार्यरत ४५ वर्षीय दीपक शर्माको मृत्यु भएको हो। उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको प्रदेश १-०२-०४५ प ४७७४ नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेका शर्मालाई सोमबार साँझ ठक्कर दिएको प्रहरीले जनाएको छ। गम्भीर घाइते भएका उनलाई उपचारका लागि बूढीगंगाकै विराट शिक्षण अस्पतालमा भर्ना गरियो। उपचारका क्रममा बुधबार बिहान १० बजेतिर मृत्यु भएको प्रहरीले जनाएको छ। शवलाई पोस्टमार्टमका लागि विराटनगरको कोशी अस्पतालमा पठाइएको छ। प्रहरीले घटनाको अनुसन्धान गरिरहेको छ।

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI1160000129 | प्रेमजित भुजेल | पथरिया-४ ,झापा |

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# साम्प्रदायिकता भड्काउन नदेऊ

केही महिनाअघि झापाको दमकमा अर्काको गोठको गर्भिनी गाई चोरेर काटेको घटनाले समाजलाई बिथोलन खोज्यो । त्यस्तै अप्रिय घटना मंगलवार कन्काईमा दोहोरिएको छ । कन्काई–३ टप्पुमा केही व्यक्तिहरुले अर्काको गोठमा बाँधेको लैनो गाई चोरेर ल्याएर काटेर खाएका छन् । यो अति निन्दनीय, घृणित र संविधानबिरोधी हर्कत हो । यस्ता घटनाबाट साम्प्रदायिकता भड्काउन खोजेको आभास मिलेको छ । यस्ता जघन्य आपराधिक कार्यले मुलुकको धार्मिक सहिष्णुतालाई खलल पुग्ने मात्र होइन, गौमाताप्रति आघात बिश्वास राख्ने आम जनमानसमाथि खुल्ला चुनौती दिएको छ र सिंगो समाजलाई नै मुठभेडको स्थिति निम्त्याएको छ । प्रहरीले घटनामा संलग्न चारजनालाई पक्राउ गरी कार्वाही अगाडि बढाइसकेको छ । गौहत्याको घटनालाई लिएर मंगलवार राति कन्काइ नगरपालिका अशान्त बन्यो । गौहत्याको विरोधमा प्रदर्शन र चक्काजाम मात्र भएन, स्थिति तनावग्रस्त बनेको थियो । प्रहरी प्रशासनलाई माहौल सम्हाल्न गाह्रो परिरहेको थियो । समाजमा सामाजिक सद्भाव बिथोल्ने तत्वले खेल्न खोजेको संकेत गरिरहेको छ । त्यसतर्फ हामी सबैजना सचेत र सजग बनिनु पर्छ । त्यस्ता तत्वहरुलाई पहिचान गरी कानुनको कठघरामा ल्याउनु पर्छ । प्रहरी प्रशासनले कानुनी कार्वाही अगाडि बढाइरहँदा हामीले संयमता अपनाउन जरुरी छ । खासगरी धर्म सम्प्रदायको सवालमा हामी संवेदनशील बनिनु पर्छ । आफ्ना मागका लागि आन्दोलन गर्दा समुदायबीचको सद्भाव बिग्रिनु भएन । लोकतन्त्रमा सबैले आफ्ना माग शान्तिपूर्ण तरिकाले राख्न पाउँछन्। सबैका माग सरकारसँग जोडिएका मुद्दा हुन्। तर, प्रदर्शन गर्दा समुदायमा नकारात्मक प्रभाव देखिनु हुँदैन ।समाजलाई खल्बल्याउन खोज्ने तत्व सक्रिय हुने भएकाले सबै सचेत हुन आवश्यक छ । समाजलाई भड्काउन र बिथोल्न यस किसिमका हर्कत बढ्न सक्ने देखिन्छ । केही समयदेखि त्यस किसिमको प्रवृति हावी हुँदै गएकाले त्यसलाई निरुत्साहित गर्नुपर्छ । प्रहरी प्रशासनले त्यस्ता गलत प्रवृतिका व्यक्तिलाई कार्वाही गर्न कुनै पनि कसर बाँकी राख्नु हुँदैन । अनि समाजमा सामजिक सद्भाव भड्किन दिनु हुँदैन ।




# गल्ती गर्ने, सजाय नभोग्ने ?

• विनोद पोखेल

नेपालको राजनीतिमा अहिले गलत अभ्यास भइरहेको छ । कुनै नेताबाट गल्ती, कमजोरी भयो भने त्यसलाई कारबाही, सजाय गर्नेतर्फ होइन, त्यस्तो गल्ती कमजोरी अरूले पनि गरेका छन् भन्दै सत्यतथ्य भए पनि नभए पनि त्यसलाई प्रचारबाजी गरिन्छ ।

अरूले पनि गल्ती गरेका छन्, आफ्नो गल्ती सामान्य हो भन्ने कुरो स्थापित गर्न खोजिन्छ । यो एकदमै गलत अभ्यास हो । राज्य सञ्चालनका जुनसुकै अंगका जुनसुकै व्यक्तित्व जुनसुकै कारणबाट दोषी देखिएमा वा कुनै गलत कार्य गरेको पाइएमा कानुनबमोजिम सजायको भागीदार बन्नु नै पर्छ । एकपटक, दुईपटक वा अञ्जानमा गल्ती भएको भनेर क्षम्य चाहिँ हुनु हुँदैन । नेपालका राजनीतिक दलका नेताहरू आफ्नो विचार नजिकका त्यस्ता व्यक्तिहरूलाई आफ्नो अनुकूल व्याख्या गरेर सजाय दिलाउने होइन, बचाउनेतिर लागेको देखिन्छ । गलत काम तथा अपराध गरेकालाई पनि दलहरूले अन्देखा गर्ने र संरक्षण गर्ने गरेका कारणले भ्रष्ट तथा अपराधी मनोवृत्ति भएका त्यस्ता मान्छेसमेत दलहरूप्रति आकर्षित हुने गरेको देखिन्छ । जसबाट दलहरूको बदनामी स्वाभाविक रूपमा हुने र आमजनताप्रति राजनीतिक दल, तिनका नेता तथा व्यवस्थाप्रति नकारात्मक धारणा बन्दै गएको देखिन्छ ।

यथार्थमा कुनै दल, संस्था आफैं खराब हुँदैनन्, त्यसको नेतृत्व गर्ने वा त्यसलाई सञ्चालन गर्ने व्यक्तिहरूको आचरण तथा व्यवहारले त्यस्ता संस्थाप्रतिको धारणा बन्ने गर्छ । विशेषगरी राजनीतिक दलहरू वा सामाजिक संस्थाहरूमा आचरण, अनुशासन तथा गतिशीलता अति नै जरुरी तत्व मानिन्छ तर हाम्रो देशका राजनीतिक दल तथा सामाजिक संघसंस्थाहरू केही अपवाद छोडेर सबैमा ती तत्वहरूको अभाव देखिन्छ । छलकपटको राजनीतिले प्रश्रय पाएको देखिन्छ ।

२०७२ सालमा नेपालको गणतान्त्रिक संविधान जारी भएपश्चात् वा त्योभन्दा अघि सरकार सञ्चालन गर्दाका केही काण्ड बाहिर आए । कतिपय सत्य होलान्, कतिपय राजनीतिक फन्डामात्र पनि होलान् । कहिले वाइडबडी काण्ड, कहिले सुन काण्ड, कहिले क्यान्टोन्मेन्ट काण्ड, कहिले यति ओम्नी काण्ड, कहिले भुटानी शरणार्थी काण्ड, बालुवाटारलगायत सरकारी जग्गा अपचलन काण्ड, सरकारी सूचना चुहाएको काण्ड, गिरी बन्धु टी स्टेट काण्ड, कहिले टेरामेक्स काण्ड, कहिले सहकारी काण्डलगायत थुप्रै काण्ड बाहिर आए । कतिपय गर्भमै पनि होलान् । उल्लेखित यस्ता काण्डहरू करिब सबै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुसन्धानकै क्रममा होलान् । कतिपय अनुसन्धान भएर मुल्तबीमा गए होलान् । कतिपय अदालतमा पुगे होलान् । यिनै काण्डहरू देखाएर नेपालका राजनीतिक दलहरू एकआपसमा हिलो छ्यायाछ्याप गर्ने र अस्थिर राजनीतिक अवस्थाका कारण सरकार परिवर्तन गरिरहने गरेको देखिन्छ । लामो अवधिमै सक्दासमेत सरकार गठनपिच्छे फाइल खोल्न प्रतिस्पर्धा गर्ने तर २-४ वटा आयोग समिति गठन गर्नेबाहेक फाइल चाहिँ कसैले खोलेर अन्तिम टुंगोमा पुऱ्याएनन्, जुन वर्तमान समयको तीतो यथार्थ हो ।

धेरै अगाडिका कुरा त नगरौं । केही समयअघिमात्रै ६६ किलो सुन काण्डबारे संसद्मा निकै हंगामा भयो । एकआपसमा आरोप-प्रत्यारोप भए सदन नै अवरुद्ध गरेर उक्त सुन काण्डको छानबिन गर्न आयोगसमेत गठन भयो । त्यसको रिजल्ट के आयो आम जनतालाई केही थाहा छैन । त्यसैगरी, केही महिनापहिले सहकारी काण्डको छानबिन गर्न संसद्समेत अवरुद्ध गरी अनुसन्धान गर्न माग गरे । सोहीअनुसार संसदीय छानबिन समिति गठन भएको थियो । जसको प्रतिवेदन केही समयअघि संसद्मा बुझाइएको थियो । उक्त प्रतिवेदनमा विभिन्न सहकारीका सञ्चालकबाटै अर्बौंको अपचलन गरेको ठहरसहित नामहरू तोकेरै कारबाहीका लागि सिफारिस गरिएको छ ।

सिफारिसअनुसार कारबाही अघि बढाएर थुनछेकसमेत भएको छ तर पीडितले न्याय पाउँछन् कि पाउँदैनन् ? त्यो भविष्यले बताउला । एकथरी दलका नेताहरू भने कारबाहीको सिफारिसलाई नै गलत अर्थ्याएर कार्यकर्तालाई भ्रमित गरी नाराजुलुस गरिरहेका छन् । यो अस्थिर राजनीतिको परिदृश्य र सडकबाट न्याय प्रभावित पार्ने गतिविधिलाई हेर्दा प्रतिवेदनअनुसार सबै बचतकर्ताको अपचालित रकम फिर्ता होला र सबै दोषीलाई कारबाही होला भन्ने विश्वास गर्न सकिने अवस्था देखिँदैन । त्यसका लागि केही समय प्रतीक्षा नै गर्नुपर्ला ।

सहकारी काण्ड अहिलेको निकै चर्चामा छ । सहकारी सन्दर्भमा भने सहर वा ग्रामीण स्थानहरूमा केही निश्चित समूह मिली सामूहिक व्यापार, सामूहिक बचत तथा लगानी र एउटा समुदायकै हितका लागि विभिन्न उद्देश्य राखेर सहकारी संस्था गठन गर्न सकिन्छ । त्यस्तो सहकारी संस्थाले सदस्यबीच आर्थिक कारोबार गर्ने मनसाय राखेर राष्ट्र बैंकको सहमतिमा आर्थिक गतिविधि गर्न सक्छ । आर्थिक गतिविधिअन्तर्गत सदस्यहरूको बचत रकम सञ्चित गर्ने र ऋण दिने लिने कार्य पनि गरिन्छ ।

सहकारीको नियमको परिधिभित्र रहेर ऋण दिनु-लिनु अपराध होइन तर त्यसको नियमअनुसार सावाँ-ब्याज भने भुक्तानी हुनुपर्छ । भुक्तानी नदिनेले वा निश्चित समयमा ऋण ब्याज नबुझाउनेको धितो बन्धक वा अरू सम्पत्ति रोक्का गरी सो सम्पत्ति बेचेर भए पनि असुलउपर गर्ने गराउने कर्तव्य सहकारी सञ्चालकको पनि हुन्छ । संस्थालाई राजनीतिक सामाजिक वा अरू कुनै प्रभाव पारेर नियमविपरीत मिलेमतोमा ऋण लिने, दिने र यसरी ऋणको उपयोग गर्ने सबै दोषी हुनुपर्छ तर नियमको परिधिभित्र ऋण लिएकै भरमा भने कोही दोषी हुनु हुँदैन ।अहिले सहकारी काण्डमा करोडौंमात्र होइन, अर्बौं रकम अपचलन भएको देखिएको छ । यसमा धेरै व्यक्तिको संलग्नता देखिएको छ । मान्छेहरू देश-विदेशमा भागाभाग गरेका छन् । तर यहाँ सहकारीबाट ऋण लिने सबै दोषी हुन्, सबै ठग हुन्, देशभरका सहकारी सञ्चालन गर्नेहरू सबै ठग हुन् र सहकारीमा कारोबार गर्नु नै गलत हो भनेजस्तो भाष्य निर्माण गरिँदै छ । आर्थिक सहकारी दर्ता गर्नुको उद्देश्य नै एकआपसको सानो सानो रकम बचत गर्ने र परेको बेला एकआपसमा ऋण लिने दिने नै हो । तर टाठाबाठाले प्रभावमा पारेर ऋण लिने र नबुझाउने यदि गरेका छन् भने ती ठग हुन् ।

यथार्थ के भने यस्तो अवस्थामा सजायको भागीदार चाहिँ हुनैपर्छ, चाहे जुनसुकै दल वा समाजका उच्च व्यक्तित्व किन नहोउन् । चाहे दलको ठूलो नेता होस्, चाहे समाजको उच्च वर्ग वा सामाजिक व्यक्तित्व, गलत कार्य गरेको छ भने सजायको भागीदार बन्नै पर्छ । देशमा देखिएका ठूलाठूला काण्डहरू एकआपसमा गिजोलेर होइन, एउटा एउटा गरेर निखारेर जानुपर्छ । भनिन्छ नि समयमा न्याय नदिनु अन्याय हो, त्यसैले अनुसन्धान गर्ने निकायले पनि पटकपटक फाइल खोल्ने बन्द गर्ने होइन, बरु समयमै अनुसन्धान गरेर सत्य र तथ्यसहित गलत काम गर्ने मान्छेको नाम र गरेको गल्ती कार्यबारे जनतालाई सुसूचित गरी दिनुपर्छ । ताकी कसैले जनतालाई भ्रमित गर्न पनि नसकोस् र दोषी उम्किने अवस्था पनि नहोस् ।

अहिलेको कटु सत्य चाहिँ के हो भने सत्य-तथ्यभन्दा गलत सूचना सम्प्रेषण गरेर जनतालाई भ्रमित बनाउने काम राजनीतिक दल तिनका नेता कार्यकर्ता वा नेतृत्वदायी भूमिकामा रहेका राज्यका प्रतिनिधिले गरिरहेका छन् जुन गलत कार्य हो । यसमा नेपाली जनता, नागरिक समाज सचेत हुनैपर्छ ।

# कर्मचारीतन्त्र सुधारको समय



• सरोज भट्टराई

नेपाली चलचित्र 'छक्कापन्जा ४' मा एउटा दृश्यले मुलुकी कर्मचारीतन्त्रलाई प्रस्ट्याउँछ । नेताले कर्मचारी पिट्न थालेपछि एकाएक उनको छवि आमनागरिकसामु चर्चित बन्छ । नेपाल बनाउने हो भने यसै गर्नु पर्छ भन्ने भावना सामाजिक सञ्जालमा पोखिन थाल्छ तर त्यसरी आक्रमण गरेर एउटा सभ्य समाजमा सुधार आउँदैन । तैपनि आमनेपाली सेवाग्राहीले पाएका अनेकन कष्टमध्येका मुख्य कारक भने कर्मचारीतन्त्र पनि हो । आफ्ना काम हुन नसक्नुमा कर्मचारीतन्त्र कारण रहेको बुझ्ने जमात ठुलो छ ।

मुलुकमा धेरै पटक परिवर्तन भएका छन् । राजनीतिक परिवर्तनले मुलुकको संविधान र कानुनमा परिवर्तन ल्याएको छ । सुध्रिनु नपर्ने भनेको कर्मचारीतन्त्र मात्र हो कि जस्तो देखिएको छ । सेवाग्राहीलाई कसरी काम हुन सक्छ भन्ने देखाउनुभन्दा पनि अप्ठ्यारो पारेर झुलाउने प्रवृत्तिले आक्रान्त बनाएको छ । कार्यालयमा हाजिर भएवापत तलब र जनताको काम गरेबापत अन्य नजराना चाहिने स्थिति छ । कर्मचारीतन्त्रभित्र इमानदार व्यक्ति पनि छन् । कामचोर प्रवृत्तिले इमानदारी लुकेको अवस्था छ । आमरूपमा तिनको प्रवृत्ति त्यही हो कि भन्ने भान पर्छ ।

कर्मचारीतन्त्रलाई सरकारको स्टिल फ्रेम मानिन्छ, जसको माध्यमबाट राज्यका निर्णयहरू लागु हुन्छन्, नीतिहरू सक्रिय हुन्छन् र नीतिगत उद्देश्यहरू प्राप्त हुन्छन् । जनताको जीवन र स्वतन्त्रताको रक्षा गर्नु, शान्ति सुरक्षा कायम गर्नु, योजना तथा कार्यक्रम सञ्चालन गर्नु र सार्वजनिक सेवालाई नागरिकको घरदैलोमा पुऱ्याउनु नोकरशाहीको प्रमुख जिम्मेवारी हो । सैद्धान्तिक र व्यवहारमा दर्जनौं त्रुटि भए पनि, कर्मचारीतन्त्र अपरिहार्य छ किनकि यसले केन्द्रदेखि देशका कुनाकुनासम्म सामान्य र गम्भीर दुवै समयमा दैनिक सेवाहरू प्रदान गर्ने जस्ता महत्वपूर्ण भूमिकाहरू गर्छ । उदाहरणका लागि, माओवादी विद्रोहको समयमा पनि गाविस सचिव, जेटी, जेटिए, स्वास्थ्यकर्मी र वनपाले आदिका रूपमा नोकरशाही जनताको घरदैलोमा थियो । कर्मचारीतन्त्रका मुख्य कामहरू लगभग सधैँ समान छन् तर राज्यको यो महत्वपूर्ण अङ्ग त तेलले भरिएको मेसिन मात्र हो । समाजका केही खण्डमा, सेवा प्रवाह एकदमै कमजोर छ, जसले 'योग्यतामा आधारित भर्ती प्रक्रिया' बारे प्रश्नहरू जन्माउँछ ।



कर्मचारीतन्त्र सुधारका लागि गठित विभिन्न आयोगले विभिन्न समयमा आफ्ना सुझाव सरकारलाई बुझाएका छन् तर ती सुझावहरूको कार्यान्वयन सन्तोषजनक हुन सकेको छैन, जसले कर्मचारीतन्त्र सुधारलाई एउटा सपना बनाइदिएको छ । सामान्यतया सेवा खोज्नेहरूले महसुस गर्छन् कि शक्ति र पैसा (नियत प्रक्रियाहरू) जसले तपाईंलाई सार्वजनिक सेवाहरू प्राप्त गर्छ र यो धारणा सरकारी कर्मचारीहरूप्रति सार्वजनिक घृणाको मूल कारण हो । यसले सान्दर्भिक नियम र नियमहरूलाई बेवास्ता गरे तापनि कर्मचारीले तपाईंलाई चाहेको सेवाहरू प्राप्त गर्न भनेको कुरा गर्नुबाहेक सेवा खोज्ने व्यक्तिसँग अर्को विकल्प हुँदैन ।

यी पुराना तरिकाहरू स्वीकार्य हुनु हुँदैन । सूचनाको हकलाई कायम राख्दै सबै तहमा जवाफदेहिता, इमानदारिता र पारदर्शिता कायम गर्नु पर्छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र प्राविधिक क्षेत्रमा आएको परिवर्तनको परिप्रेक्ष्यमा सेवाग्राहीहरूको परिवर्तनशील मागलाई सम्बोधन गर्न प्रशासन अनुकूल हुनु पर्छ । सार्वभौमसत्ता सम्पन्न क्षेत्रभित्र बसोबास गर्ने विभिन्न जातजाति र रङका मानिसहरूलाई एकताबद्ध गर्ने र प्रशासनिक संयन्त्रको माध्यमबाट सम्पन्न गर्ने सबैभन्दा महत्वपूर्ण सरकारी कार्य हो । साँच्चै प्रशासनले सार्वजनिक सेवाहरू मात्र प्रदान गर्दैन, वास्तवमा यसले जनतालाई लोकतन्त्र प्रदान गर्छ ।

दुविधा धेरै नोकरशाहीको राजनीतीकरण र राजनीतिको नोकरशाहीकरण नोकरशाही सुधारको बाटोमा ठुलो बाधक हो । राजनीतिक नेताहरूले उपयुक्त नीति र कानुन तर्जुमा गर्नुको सट्टा कर्मचारीतन्त्रको काममा लिप्त हुन्छन्, जबकि सरकारी कर्मचारीहरूले आर्थिक लाभ र अनुचित अवसरहरू प्राप्त गर्न राजनीति गर्छन् । निजामती सेवाभित्रका विभिन्न सेवा, समूह र उपसमूहबिचको प्रतिद्वन्द्व र अस्वाभाविक प्रतिस्पर्धाले कर्मचारीमा निराशा पैदा गरेको छ । मौद्रिक लाभ, पदोन्नति र विकासको अवसरका हिसाबले निजामती सेवामा समान अवसर छैन ।

कर्मचारीतन्त्रको मुख्य काम नागरिकको सेवा गर्नु हो, व्यवहारमा सरकारी कर्मचारीहरू नागरिकमाथि प्रभुत्व जमाउन चाहन्छन् । नागरिकलाई राम्रो सेवा दिन कर्मचारीतन्त्रको सहजीकरण, नियमन र प्रवर्धनात्मक भूमिका आवश्यक छ । गुणस्तरीय सेवा प्रवाहले पक्कै पनि सरकार र नागरिकबिचको सम्बन्ध सुमधुर बनाउँछ । सार्वजनिक सेवाहरूमा पहुँच प्रायः सेवा खोज्ने व्यक्तिको राजनीतिक शक्ति र वित्तीय क्षमतामा निर्भर हुन्छ । निजी कर्मचारीहरू, अन्य बिचौलिया र मध्यस्थ संरचनामार्फत, राजनीतिक नियुक्तिले सेवा खोज्नेलाई विशेष गरी दुर्गम क्षेत्रमा सार्वजनिक सेवाहरू प्राप्त गर्नका लागि अतिरिक्त पैसा तिर्ने प्रयास गर्छन् । कर्मचारी सरुवाहरू प्रायः सधैँ शङ्कास्पद हुन्छन्, कानुनी प्रावधानहरूलाई प्रायः राजनीतिक शक्ति र नगदको शक्तिका लागि ठाउँ बनाउनका लागि बेवास्ता गरिन्छ ।

सार्वजनिक संस्थाहरूको सञ्चालन लागत अत्यन्त उच्च छ तर मानव पुँजी निर्माण र विकासमा लगानी दयनीय छ । आवश्यकता मूल्याङ्कन, उचित मर्मतसम्भार योजना र देशको आर्थिक क्षमताको अनुमान नगरी अनावश्यक र महँगो सवारीसाधन, मेसिनरी, ठुला उपकरण खरिद गर्दा अनुत्पादक क्षेत्रमा सार्वजनिक खर्चमा ह्वात्तै वृद्धि भएको छ ।

कर्मचारीतन्त्रमा हुने भ्रष्टाचारको प्रमुख कारणमध्ये आर्थिक लाभलगायत अत्यन्त न्यून तलब र मामूली सुविधा पनि एक हो । कम सेभरेन्स प्याकेजको दोष 'राज्यको सीमित क्षमता' मा जाँदा, छनोट गरिएका केही कर्मचारीहरूले प्रायः पछाडिको ढोकाबाट कमाउने असीमित अवसरहरू पाउँछन् । अकुशलता र प्रभावहीनता नोकरशाहीप्रति जनताको घृणाको अर्को स्रोत हो । यसलाई झन्झटमुक्त शिष्टाचार सार्वजनिक सेवा प्राप्त गर्ने लडाइँ जित्नुसँग तुलना गरिएको छ । राजनीतिक नेता र शक्तिशाली व्यक्तिले व्यवस्थाको पालना गर्नुभन्दा पनि सत्ता चलाएर सार्वजनिक सेवा लिइरहेका छन् । त्यस्ता अभ्यासहरूले सेवा प्रदायकहरूलाई तल्लो तहविरुद्ध एकाधिकार र भेदभाव लागु गर्न प्रोत्साहित गरिरहेको छ ।

पेसाप्रतिको न्यून मनोबल र घट्दै गएको बफादारी विकासका असमान अवसर, कमजोर इनाम र दण्ड प्रणाली, अति राजनीतीकरण, विभिन्न सेवा, समूह र उपसमूहबिचको भेदभावका कुरूप उत्पादनहरू हुन् । छोटो अवधिमा भ्रष्टहरूले ठुलो सम्पत्ति जम्मा गरेका छन् । जबकि इमानदार जीवनका विभिन्न क्षेत्रमा प्राप्तिको अन्त्यमा छन् । राष्ट्रिय समृद्धिका लागि राजनीतिको व्यावसायीकरण र नोकरशाही र व्यापार र नोकरशाहीको राजनीतीकरणलाई निषेध गर्ने बेला आएको छ ।

वास्तवमा समस्याको पहिचान भइसकेको छ । समस्या देखिने तर समाधान फेला नपर्ने अहिलेको अवस्थामा सुधार चाहिएको हो । सुधार गर्न सकिएन भने यिनै समस्याले कर्मचारीतन्त्रको मात्र होइन, सरकारको विश्वसनीयता बढ्न सक्दैन । आमनागरिकलाई त्यतिबेला मात्र परिवर्तन महसुस हुन्छ जति बेला सरकार जनमुखी हुन्छ । आममानिसलाई खुसी बनाउने गरी सेवा प्रवाह हुन्छ । आजको जस्तो व्यवहारले कहिल्यै आमनागरिकको विश्वास जित्न सकिँदैन । मुलुकको राजनीतिक परिवर्तनलाई दिगो बनाउन पनि कर्मचारीतन्त्रलाई जनमुखी बनाउनु आवश्यक छ । त्यसमा पनि अहिले तीन तहको सरकार छ । यी सरकारको क्रियाशीलताका लागि कर्मचारीतन्त्र प्रभावकारी हुनु पर्छ । त्यो अवस्थामा मात्र यी सरकारले आमनागरिकलाई प्रभावकारी सेवा दिन सक्छन् । चलचित्रमा समेत कर्मचारीतन्त्रको अकर्मण्यता चित्रण हुनु भनेको अति भइसकेको स्थिति हो । यस कारण पनि आफैँ सुधारका निम्ति प्रयास थाल्नु उचित हुन्छ । उच्चस्तरीय प्रशासन सुधार आयोग बनेर त्यसको सुझावका आधारमा मात्रै सुधार हुने भनेर प्रतीक्षा गर्नु आवश्यक छैन ।

# पटके कसुरदारलाई हुने सजाय



• प्रकाश अधिकारी

मुलुकी अपराध संहिता, २०७४ बमोजिम जघन्य वा गम्भीर कसुरमा सजाय पाएको व्यक्तिले अर्को कसुर गरेमा निजले पछिल्लो पटक गरेको कसुरमा हुने सजायको दोब्बरसम्म सजाय हुने छ तर जन्मकैदको सजाय पाएको कसुरदारको हकमा यो व्यवस्था लागु हुने छैन। गम्भीर र जघन्य कसुरबाहेक अन्य कसुरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसुर गरेमा निजलाई पछिल्लो पटक गरेको सजायको दोब्बरसम्म सजाय हुने छ। तीन वर्षभन्दा बढी १० वर्षसम्म कैदको सजाय हुने कसुरलाई गम्भीर कसुर भनिन्छ भने जन्मकैद र १० वर्षभन्दा बढी कैदको सजाय हुने कसुरलाई जघन्य कसुर भनिन्छ। जघन्य र गम्भीर कसुरबाहेक अन्य कसुरमा तीन वर्ष वा सोभन्दा कम कैदको सजाय हुने कसुर पर्छन् र यस्ता कसुरमा पटके कायम गर्न कसुरदारले पाएको सजाय भुक्तान गरिसकेको हुनु पर्छ र सजाय भुक्तान गरेको पाँच वर्ष नाघेको हुनु हुँदैन। अदालतबाट फैसला भएको आधारमा मात्र पटकेको सजाय थप हुँदैन। कानुनको यो प्रावधान सामान्य प्रावधान हो अर्थात् कुनै विशेष ऐनमा पटकेसम्बन्धी विशेष व्यवस्था भएमा सोही विशेष व्यवस्था लागु हुन्छ अन्यथा उल्लिखित व्यवस्था लागु हुन्छ। जस्तो लागूऔषध (नियन्त्रण) ऐन, २०३३ मा पटक पटक लागुऔषधसम्बन्धी कसुर गर्नेलाई पाँच वर्षसम्म कैदको र एक लाख रुपियाँसम्म जरिबानाको थप सजाय गर्नु पर्छ।

कुनै व्यक्तिले एउटै वा बेग्ला बेग्लै प्रकारका कसुर बारम्बार गरिरहनु भनेको निज व्यावसायिक अपराधी हुनु हो। निजलाई अपराध गर्नमा भय र सङ्कोच हुँदैन। दण्डका सबै खाले विधि र प्रकारले निजलाई अपराध गर्नबाट हतोत्साहित पार्न र सुधार गर्न असफल भएको अवस्था हो। यस्ता व्यक्ति समाज विरोधी, आक्रामक र अहमकेन्द्रित (इगोसेन्ट्रिक) हुन्छन्, जसले अरूको भलो देख्न सक्दैनन्। मानसिक अस्थिरताका कारण अपराध गर्नमा यिनको रुचि रहने मनोविद्को राय रहेको छ। अपराधशास्त्रीका अनुसार यस्ता मानिसलाई दण्डको सट्टा मनोचिकित्सकद्वारा चिकित्सकीय निदान गरी उपयुक्त इलाज गराउनु एक मात्र समाधान हो, जुन हाम्रो सन्दर्भमा व्यावहारिक भइसकेको छैन। अनुसन्धानबाट पटके अपराधीमध्ये करिब ३० प्रतिशत यो वर्गमा पर्ने देखिएको छ। बारम्बार कसुर गर्ने मनसाय र कौशल नभए पनि हीनता, हतासा र कुण्ठाको भावना अत्यधिक भएका व्यक्तिले पनि पटक पटक कसुर गर्ने गर्छन्। मानसिक रूपले यो वर्गका अपराधी सामान्य हुन्छन् तर आफूमा भएको हीनता, हतासा र कुण्ठाको कारण आजको प्रतिस्पर्धात्मक समाजमा आफूलाई समायोजन गर्न असफल हुन्छन् वा कठिनाइ महसुस गर्छन्। फलतः आफ्नो हीनतालाई छिपाउन, लुकाउनका लागि र समाजलाई म पनि केही गर्न सक्छु भनेर देखाउनका लागि अपराध गर्ने गर्छन्। यो वर्गमा करिब ४० प्रतिशत पटके अपराधी पर्ने विभिन्न अध्ययनको निष्कर्ष छ।

पटक पटक कसुर गर्नेहरूको अर्को कोटिमा कुसङ्गतका कारण आपराधिक प्रवृत्ति राख्ने कसुरदार पर्छन्। यी शिक्षित र मानसिक रूपले स्वस्थ व्यक्तिहरू हुन तर पेशेवर अपराधीसँगको उठबसले आफ्नो परिचय कसुरदारकै रूपमा बनाएका हुन्छन्। यी राजनीतिक रूपले विप्लवी, जातीय र धार्मिक रूपले उग्रवादी वा कतिपय अवस्थामा आतङ्कवादी हुने गर्छन्। यस्ताका लागि पनि काराबास वा दण्डका प्रणालीहरू प्रभावोत्पादक देखिएको छैन। पटके अपराधीहरूमा यिनको हिस्सा १० प्रतिशतसम्म हुने अध्ययनको निचोड छ।

अपराधलाई आजीविकाको साधन बनाउने घोर अपराधीहरू पटके हुने गर्छन्। यिनले सुनियोजित र सङ्गठित रूपले अपराध गर्छन्। भ्रष्टाचार, मदिरा, सुन, लागूऔषधको तस्करी, बालबालिका, महिला र युवतीहरूको ओसार पसार एवं बेचबिखन यो वर्गका अपराधीले गर्ने केही कसुरका दृष्टान्त हुन्। यिनी पनि दण्ड र उपचारबाट प्रभावित हुँदैनन्। अपराध जगत् मा यिनको हिस्सा २० प्रतिशत हुने सर्वेक्षणबाट देखिएको छ। मानिस किन पटके हुन्छ ? भनेर खोजीनीति गर्दा पहिलो पटक कसुर गर्दा निजले परिवार र समाजबाट कस्तो प्रतिक्रिया पायो ? निज तत्काल पक्राउ परेको अवस्थामा निजले गरेको अपराध कर्मलाई समाजले कसरी लियो ? जोरिपारीले के भने एवं कानुन कार्यान्वयन गर्ने प्रहरी, कारागार, अदालतको के दृष्टिकोण रह्यो भन्ने जस्ता कुराहरूले प्रभाव पारेको देखिन्छ। पहिलो पटक अपराध गरेपछि तुरुन्त पक्राउ परी अनुसन्धान र अभियोजन भई दण्डित भएको अवस्था, अनुसन्धान र न्यायिक कारबाही टुङ्गिन लामो समय लागेको अवस्था र पक्राउ नपरी न्यायिक/प्रशासनिक अधिकारीलाई छली उम्कन पाएको अवस्थाले कोही पटके हुन नहुनुमा ठुलो भूमिका खेल्छ। अनुसन्धान, अभियोजन र न्यायिक कारबाहीका सीमाहरू र कानुनका क्षिद्रहरूसँग भलिभाँती परिचित व्यक्ति यीबाट अनुचित फाइदा लिएर आफ्नो आपराधिक कर्मलाई निरन्तरता दिने गरेको पाइएको छ। हाम्रो प्रणालीमा अपराधीको मानसिकतामा परिवर्तन गरी निजलाई पुनः समाजोपयोगी व्यक्तिका रूपमा समाजमा पुनर्स्थापित गर्न पेरोल जस्तो काराबासको एक तिहाई घरमै बसेर भुक्तान गर्न पाउने आधुनिक दण्डप्रणाली भर्खरै मात्र प्रयोगमा आएको छ तर उन्नत समाजमा सामूहिक सुधारबाट अझ उन्नत अपराधीको वैयक्तिक उपचार पद्धतिमा जोड दिन थालिसकिएको छ। यो पद्धतिमा अपराधको सट्टा अपराधीलाई विशेष ध्यान दिइन्छ। अपराधीले अपराध गर्दाको परिस्थिति र कारणको पत्ता लगाएर निजलाई सुधार गर्न सक्ने उपयुक्त दण्ड दिएर अपराधबाट विरत गराइन्छ। उपचारात्मक दण्ड व्यवस्थामा आपराधिकतालाई 'सामाजिक गडबडी' (सोसिअल डिसअर्डर)को द्योतक मानेर यसको उपचार जसरी फरक फरक रोगका रोगीका लागि भिन्नाभिन्नै हुन्छ, त्यसै गरी व्यक्तिपिच्छे फरक फरक दण्ड दिएर गरिन्छ। यो दण्डप्रणालीद्वारा अपराधीलाई निजले गरेको काम अनुचित र समाजका लागि अस्वीकार्य हुनाले कारण यस्ता क्रियाकलापबाट टाढै रहेर आफूलाई समाजोपयोगी हुनु पर्छ भन्ने अनुभूति गराउनु हो।

हाम्रो कानुनमा पटके कसुरदारलाई पछिल्लो पटक भएको सजायको दोब्बरसम्म सजाय गर्ने व्यवस्था भए पनि अदालतले कठोरतापूर्वक यसको प्रयोग गर्दैन। पहिला पहिला पटके कसुरदारलाई लामो काराबासमा राखेर प्रायश्चितको अवसर दिनु पर्छ भन्ने विश्वास गरिन्थ्यो। लामो कारावासले अपराधीमा आत्मग्लानि हुन्छ र भविष्यमा अपराधबाट विमुख रहन्छ भनिन्थ्यो तर आधुनिक शोधबाट लामो र एकान्त कारावासले कसुरदारको मनस्थिति विकृत हुन्छ र समाजप्रति बदलाको भावना राखेर झनै दृढ अपराधी भएर कारागारबाट निस्कने देखिएको छ। त्यसैले कसुरदारप्रतिको समाजको अविश्वास हटाइ समाजमा पुनर्स्थापना गर्न सहयोग पुऱ्याउन पेरोल, प्रोबेसेन र खुला जेलको नयाँ पद्धतिहरू प्रयोगमा आइरहेका छन्। यसबाट कसुरदारमा समाजप्रति निष्ठा र उत्तरदायित्वको भावना पनपिन्छ, जुन उसलाई सुधार्न र पुनर्वास गराउन सहायक हुन्छ।

पटकेलाई सुधार्नमा काराबासमा श्रम/कार्य गराउनु फाइदाजनक देखिएको छ। श्रमले कैदीको शारीरिक र मानसिक तन्दुरुस्तीमा सघाउ पुऱ्याउँछ। उसको निरसताको जीवन समाप्त पार्छ र आय आर्जनको ढोका खोल्छ। यसबाट उसमा आत्मनिर्भरता र आत्मसम्मानको भावना विकास गर्छ र अन्ततः निजको व्यक्तित्व विकासका लागि लाभकारी सिद्ध हुन्छ। हाम्रो कानुन प्रणालीमा अहिलेको व्यवस्था आउनुअघिसम्म पटके कायम गरी सजाय गर्ने कुरा चोरीबाहेक अन्य कसुरमा थिएन। चोरीमा पहिलो पटकलाई एक महिना, दोस्रो पटकलाई तीन महिना, तेस्रो पटकलाई छ महिना, चौथो पटकलाई एक वर्ष, पाँचौँ पटकलाई दुई वर्ष र छैटौँ पटकलाई चार वर्ष र त्यसपछि सोभन्दा बढी जतिसुकै पटक भए पनि छ वर्ष कैदको सजाय गर्नुपर्ने व्यवस्था थियो। अदालतबाट कसुरदार ठहर भएपछि मात्र पटकको गिन्ती हुने व्यवस्था थियो।

कानुनमा उल्लिखित व्यवस्था भए पनि ठहर कसुरदारको अभिलेख राख्ने कुनै वैज्ञानिक प्रणाली नभएकाले पटकेको व्यवस्था कानुनका किताबमा सीमित थियो। कसुरदार आफैँले बयानमा खुलाएमा वा अनुसन्धान अधिकृतको सम्झनाको भरमा पटकेको दाबी लिइन्थ्यो र अदालतद्वारा पहिलाका फैसलाहरू हेरी जाँची पटकेमा ठहर गर्ने नगर्ने निर्क्योल गरिन्थ्यो। एउटा जिल्लाबाट अर्को जिल्लामा गई गरेको कसुरमा अभिलेखको अभावमा पटकेको दाबी लिने अवस्था नै रहँदैनथ्यो। अहिले पनि त्यति धेरै भिन्न भइसकेको अवस्था भने होइन तर नेपाल प्रहरीको आफ्नै प्रयासमा कसुरदारहरूको विवरण भएको एकीकृत तथ्याङ्कको विकास गरी पोर्टल बनाएको र त्यसैको आधारमा फैसलासँग सत्यापन भएमा पटकेको दाबी लिने गरिएको छ।

भारतसमेत धेरै देशमा विधायिकाले बनाएको कानुनद्वारा संसद्प्रति उत्तरदायी र सुपरिवेक्षणमा रहने गरी अपराध र अपराधीहरू सम्बन्धमा अध्ययन, अनुसन्धान र अभिलेख राख्न (रिपोजिटोरी) स्वायत्त, स्वशासित र स्वतन्त्र निकाय क्रियाशील रहने गरेको छ। यस प्रकारको निकायमा शङ्कित, अभियुक्त र कसुरदारहरूको औँठा छापको सङ्ग्रह, कसुरदार हरूको ट्रेकिङ नेटवर्क सिस्टम, हराएका र दुर्घटना एवं आत्महत्याबाट भएका मृत्युको अभिलेख रहन्छ। विधि विज्ञान सम्बन्धमा क्षमता विकास गर्न तालिम दिने काम यसै निकायबाट हुने गर्छ। यसैगरी सासबसाली अपराधसम्बन्धी तथ्याङ्कहरूको एकीकृत ढाँचामा प्रकाशन गर्छ, जसको प्रयोग नीति निर्माता, अपराधशास्त्री, शोधकर्ताहरू र सञ्चारकर्मीहरूले गर्ने गर्छन्।

नेपाल सरकारले लागु गरिरहेको राष्ट्रिय परिचयपत्रमा औँठा छापसहितको विवरण हुने भएकाले सबै नेपालीको राष्ट्रिय परिचयपत्र बनेको अवस्थामा यो समस्या भविष्यमा नरहला। अहिले पनि नेपाल प्रहरीले सबै अभियुक्तको तीनपुस्ते, फोटो र औँठा छापको अभिलेख राख्ने गरेको छ तर पुराना कसुरदारहरू र फरार अभियुक्तहरूको हकमा यो प्रभावकारी हुन सकेको छैन।

## आन्दोलनमा उत्रने आवासीय चिकित्सकको चेतावनी

झापा(प्रस) ।मेडिकल कलेजले मासिक निर्वाह भत्ता ४८ हजार दिनुपर्ने निर्णयबाट चिकित्सा शिक्षा आयोग पछि हटेपछि स्नातकोत्तरमा अध्ययनरत आवासीय (रेसिडेन्ट) चिकित्सकले आन्दोलनको चेतावनी दिएका छन्। निजी मेडिकल कलेजमा काम गर्ने आवासीय चिकित्सकहरूको निर्वाह भत्ता सरकारीसरह हुनुपर्ने अडान उनीहरूले दोहोऱ्याएका छन्। आयोगले यसअघि कलेजले 'सेल्फ अप्राइजल' फाराम भर्दा निर्वाह भत्ता ४८ हजार दिने प्रतिबद्धता गर्नुपर्ने निर्णय गरेको थियो। तर प्रधानमन्त्री एवं आयोगका अध्यक्ष केपी शर्मा ओलीले आयोगको बैठकमा गत वर्षजस्तै सिट निर्धारण प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए। 'यस पटक सरकारी मेडिकल कलेजसरह आठौं तहको चिकित्सक समान निर्वाह भत्ता दिने सुनिश्चितता गर्ने निजी कलेजले मात्र फाराम भर्न पाउने व्यवस्था गरेका थियौं,' आयोगका एक निर्देशकले भने, 'प्रधानमन्त्रीबाट नयाँ निर्देशन आएपछि त्यो व्यवस्था हटायौं।' आवासीय चिकित्सकलाई मासिक १९ देखि २४ हजार रुपैयाँसम्म निर्वाह भत्ता निजी कलेजहरूले दिँदै आएका छन्। ४८ हजार निर्वाह भत्ता दिँदा घाटा हुने कलेजहरूको तर्क छ ।आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले विवादित विषयमा समाधान खोज्न प्रधानमन्त्रीले शिक्षा र स्वास्थ्यमन्त्रीलाई जिम्मेवारी दिएपछि पहिलेजसरी नै फाराम भर्ने व्यवस्था गरिएको बताए।

## १९ महिलाको निःशुल्क पाठेघरको शल्यक्रिया

झापा(प्रस)। खोटाङको केपिलासगढी गाउँपालिकाले पाठेघरको समस्या भएका महिलाहरुको शल्यक्रियासहितको निःशुल्क उपचार गराएको छ। पाठेघरको समस्या भएका गाउँपालिका भरिका ३२ जना महिलाको निःशुल्क उपचार गराएको गाउँपालिकाले जनाएको छ। ३२ जनामध्ये १९ जनाको शल्यक्रियामार्फत उपचार गरिएको गाउँपालिकाका अध्यक्ष समिर राईले बताए।
गाउँपालिकाले खटाएको स्वास्थ्यकर्मीले वडा वडामा



पुगेर पाठेघर (आङ) खस्ने समस्या भएका महिलाको पहिचान गरेको थिए। पहिचान भएका महिलाहरुको सामुदायिक सेवा प्रतिष्ठान नेपालको आर्थिक सहयोगमा काभ्रेको बनेपास्थित शीर मेमोरियल अस्पताल लगेर उपचार गरिएको हो। अस्पताल लगिएका ३२ जना महिलामध्ये १९ जनाको शल्यक्रिया गरिएको हो। शल्यक्रिया गरिएका महिलाका लागि अस्पतालका विशेषज्ञ डाक्टरहरुसँगै गाउँपालिकाबाट पठाइएका चार जना स्वास्थ्यकर्मीको प्रत्यक्ष निगारानी र हेरचाहमा उपचार भइरहेको पालिका अध्यक्ष राईले बताए।
गाउँपालिकाले बस रिजर्भ गरेर मंसिर ७ गते पालिकाबाट महिलाहरुलाई अस्पताल लगेको थियो। मङ्सिर ८ गतेबाट उपचार सुरु गरिएको थियो। अस्पताल लगिएका ३२ जना महिलामध्ये सात जनामा पाठेघर सम्बन्धी दोस्रो चरणको समस्या मात्र देखिएको जनाइएको छ।
दोस्रो चरणको समस्यामा रहेका महिलाले शारीरिक व्यायाम र नियमित औषधी प्रयोग गर्दा सुधार हुने भएकाले शल्यक्रिया नगरिएको बताइएको छ। बाँकी छ जनामा विभिन्न प्रकारका रोगको समस्या देखिएका कारण उनीहरुलाई पुनः पठाउनेगरी फर्काइएको पालिकाले जनाएको छ।
पाठेघर खस्ने समस्या भएका महिलालाई यसअघि जिल्लाका अन्य केही स्थानीय तहले पनि सोही अस्पताल लगेर शल्यक्रियासहितको निःशुल्क उपचार गराएका थिए।

## 'विपद् पूर्वतयारीले क्षति न्यूनीकरण गर्न सकिन्छ'

झापा(प्रस)। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विपद् पूर्व तयारीले क्षति न्यूनीकरण गरी जनताको जीउधनको सुरक्षा गर्न सकिने बताएका छन्।
आन्तरिक मामिला तथा कानुन



मन्त्रालयद्वारा बुधवार आयोजित अग्नि नियन्त्रणका सामग्री हस्तान्तरण कार्यक्रममा उनले विपद् नियन्त्रण गर्न नसके पनि क्षति र जोखिम कम गर्न प्रभावकारी रूपमा पूर्व तयारी गर्नुपर्नेमा जोड दिए।
मुख्यमन्त्री कार्कीले सशस्त्र प्रहरी बल बराहबाहिनी पकली सुनसरीका प्रमुख शम्भु सुवेदीलाई अग्नि नियन्त्रणका लागि रु १७ लाख १७ हजार आठ सय २० मूल्य बराबरको सात किसिमका सामग्री हस्तान्तरण गरे। उनले पूर्व तयारीबाट दुर्गम स्थानमा विपद्बाट हुने घटना नियन्त्रण गर्न सहयोग पुग्नुका साथै जनधनको क्षति रोक्न सकिने धारणा राखे।
मुख्यमन्त्री कार्की विपद् नियन्त्रणमा जनताको सक्रिय सहभागिता गराउन सरकार क्रियाशील रहेको बताए। उनले बाढीपहिरो आउने स्थानमा स्थानीय पालिकासँगको सहकार्य र सहयोगमा आगामी जेठ अगाडि बस्ती सार्ने योजना बनाएको जानकारी दिए।
मुख्यमन्त्री कार्कीले जाडोयाममा तराईमा शीतलहर आउनेसक्ने भन्दै शीतलहरबाट आमनागरिकलाई बचाउन आवश्यक तयारी गर्न मन्त्रालयलाई निर्देशन दिए। उनले सडक दुर्घटनाबाट ठूलो मानवीय एवं भौतिक क्षति भइरहेकाले यसलाई नियन्त्रण गर्न तीन तहका सरकारको समन्वय हुनुपर्नेमा जोड दिए।

बराह बाहिनी सुनसरीका प्रमुख सुवेदीले प्राप्त सामग्रीले अग्नि नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। मन्त्रालयका निमित्त सचिव कमल थापाले यस वर्ष नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई रु एक करोड ५० लाखका दरले विभिन्न विपद् व्यवस्थानका सामग्री उपलब्ध गराउने मन्त्रालयले तयारी गरेको जानकारी दिए।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** सुखदुःख बराबरी मध्यम खालको दिन छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ।

**वृष** रोजगारको अवसर मिल्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**मिथुन** छोटो दुरीको लाभदायक यात्रा रहला। वैदेशिक कार्य अघि बढ्नेछ।

**कर्कट** आज नसोचेको ठाउँबाट धन हात पर्नेछ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह** प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ। यात्रामा मालसामान हराउन सक्छ।

**कन्या** महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**तुला** आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**वृश्चिक** आज भाग्योदय हुनेछ। धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज यात्रामा मालसामान हराउन सक्छ। सौन्दर्यतामा धन खर्च पनि हुनेछ।

**मकर** मित्र वा आफन्तको सहयोग मिल्नेछ। बौद्धिकताको विकास हुनेछ।

**कुम्भ** आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। व्यवसायबाट लाभ मिल्नेछ।

**मिन** आत्मबल बढाएर काम गरेमा असफल भइदैन। पारिवारिक सद्भाव बढ्नेछ।